नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

**प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८१/८२ का लागि सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

(प्रकाशित मिति : २०८०/०८/३०)

आ.व. २०८१/८२ मा सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरूका लागि प्रस्ताव सहित विवरण तयार गरी २०८० माघ मसान्तभित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको विद्युतीय प्रणाली मार्फत (www.csgrants.gov.np) मात्र माग गर्न सबै प्रदेश सरकार तथा स्थानीय तहको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्ताव फाराम भर्दा सोको आवश्यकता र औचित्य पुष्टि हुने गरी उत्पादन, उत्पादकत्त्व अभिवृद्धि तथा दिगो रोजगारी सिर्जना गर्ने उद्देश्यका आयोजना एवं भू-कम्प तथा अन्य विपद्‌बाट भएको क्षतिलाई समेत सम्बोधन गर्ने गरी कानूनतः जिम्मेवार प्राप्त पदाधिकारीबाट निर्णय गरी प्रदेशको हकमा सम्बन्धित प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट (सम्बन्धित प्रदेशको नीति तथा योजना आयोगको प्राथमिकीकरण अनुरूप हुने गरी) र स्थानीय तहको हकमा प्रस्ताव गरिने आयोजना/कार्यक्रमको प्राथमिकीकरण सहितको कार्यपालिकाको निर्णय (उपस्थिति सहित), पूर्व तयारी सम्पन्न भएका आयोजना/कार्यक्रम मात्र पेस गर्नुपर्नेछ । आगामी आ.व.का लागि यसअघि सङ्घीय समपूरक तथा विशेष अनुदान प्राप्त गरी कार्यान्वयनमा गएका र सम्पन्न हुन बाँकी रहेका आयोजनाहरूलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

आयोजना तथा कार्यक्रम प्रस्ताव अनलाइन प्रणालीमा प्रविष्ट गर्न  सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहका लागि लग-इन गर्ने विवरणहरू (Login Credentials) आयोगबाट यस अगाडि नै उपलब्ध गराई सकिएकोमा कुनै कारणवश उपलब्ध हुन नसकेको खण्डमा आयोगको इमेल ठेगाना (csgrants@npc.gov.np) मा आधिकारिक पत्राचार मार्फत पुनः प्राप्त (Reset)  गर्न सकिनेछ ।

आयोजना प्रस्ताव सम्बन्धी सर्त, आवश्यक कागजात, सूचना तथा फाइलहरू आयोगको वेबसाइट www.npc.gov.np तथा www.csgrants.gov.np मा उपलब्ध छन् । यस सम्बन्धी अद्यावधिक जानकारी आयोगको वेबसाइटमा क्रमशः प्रकाशित गरिनेछ । अन्य जानकारीका लागि कार्यालय समयमा आयोगको टेलिफोन नं.: ०१-४२११११३, ०१-४२११०१४  र इमेल मार्फत  (csgrants@npc.gov.np) सम्पर्क गर्न सकिनेछ ।

Activate Windows

<u>अख्तियारको सुझाव</u>

३. समपूरक/विशेष अनुदानका लागि आयोजना प्रस्ताव फाराम भर्दा सो को आवश्यकता र औचित्य पुष्टी हुने गरी कानूनतः जिम्मेवार प्राप्त पदाधिकारीबाट निर्णय गरी आवश्यक कागजात सहित आयोजना बैंकमा प्रविष्टि गर्ने।यसरी आयोजना प्रस्ताव गर्दा उल्लिखित विवरण फरक पर्न गएमा प्रस्तावक,सिफारिशकर्ता र निर्णयकर्त्ता जिम्मेवार हुने।